**प्रस्तावहरुः**

२०७९।०८०-०९।०१ अघिल्लो कार्यपालिका बैठकको निर्णयहरु कार्यान्वयन समिक्षा सम्बन्धमा ।

२०७९।०८०-०९।०२ गाउँपालिकाबाट नागरिकलाइ उपलब्ध गराउने सेवा प्रवाह प्रभावकारीता वढाउने सम्बन्धमा ।

२०७९।०८०-०९।०३ स्थापना दिवश मनाउने सम्बन्धमा ।

२०७९।०८०-०९।०४ खर्च कटौती तथा बजेट रोक्का सम्बन्धमा ।

२०७९।०८०-०९।०५ आत्मनिर्भरताका लागी कृषि उत्पादन कार्यक्रम कार्यान्वयन सम्बन्धमा ।

२०७९।०८०-०९।०६ विविध सम्बन्धमाः

**निर्णयहरुः**

**कार्यपालिका निर्णय नं २०७९।०८०-०९।०१**

प्रस्ताव नं २०७९।०८०-०९।०१ माथी छलफल गर्दा अघिल्लो कार्यपालिका बैठकको निर्णयहरु कार्यान्वयन सम्बन्धमा वडागत रिपोर्टिङ्ग सहित समिक्षा गरियो ।

**कार्यपालिका निर्णय नं २०७९।०८०-०९।०२**

प्रस्ताव नं २०७९।०८०-०९।०२ माथी छलफल गर्दा गाउँपालिकाबाट नागरिकलाइ उपलब्ध गराउने सेवा प्रवाह प्रभावकारीता वढाउने सम्बन्धमा बार्षिक कार्यतालिका परिमार्जनको लागी पेश गराउन सार्वजनिक सेवा तथा क्षमता विकास समितिलाइ पुनः निर्देशन दिने ।

**कार्यपालिका निर्णय नं २०७९।०८०-०९।०३**

प्रस्ताव नं २०७९।०८०-०९।०३ माथि छलफल गर्दा रूपा गाउँपालिका कास्कीको स्थापना दिवस २०७९ फाल्गुण २३ गतेदेखी २७ गतेसम्म सप्ताहव्यापी रुपमा मनाउनेः

(क) प्रमुख अतिथि गण्डकी प्रदेश सरकार माननीय मुख्यमन्त्री खगराज अधिकारीज्यूलाई आमन्त्रण गर्ने ।

(ख) बिशेष अतिथि, अतिथिज्यूहरूतर्फ संघीय सासंद्ज्यूहरु, प्रदेश सासंद्ज्यूहरु, छिमेकी स्थानीय तहका प्रमुखज्यूहरु तथा उपप्रमुखज्यूहरु, विभिन्न राजनैतिक दलका प्रमुख एवं प्रतिनिधिहरु सहित रूपावासी सबै।

(ग) रूपा रत्न सम्मान, २०७९ द्धारा रूपा गाउँपालिकाभित्र जन्म भइ विद्यावारिधि गरेका तथा चिकित्सासास्त्रतर्फ Doctor of Medicine MD एम डि उपाधि प्राप्त गरेका

(घ) गाउँपालिकाको विज्ञ समूहका पदाधिकारीहरुलाई आमन्त्रण गर्ने ।

(ङ) स्थानीय तह स्थापना दिवसको अबसरमा मिति २०७९।११।२३ गतेदेखी फाल्गुण २७ गतेसम्म अन्तरस्थानीय तह (वडास्तर देखी सहभागी हुन सक्ने) पुरुष

रुपा गाउँपालिका कास्की

भलिवल प्रतियोगिता संचालन हुने गरी अध्यक्षकप भलिबल प्रतियोगिता २०७९ सञ्चालन गर्ने ।

(च) गाउँपालिका अन्तर्गतका ७ वटै वडाहरुमा लोप हुन लागेका जातजातिहरुको संस्कृति परम्परालाई जगेर्ना र संरक्षण गर्ने उद्देश्यले रुपा गाउपालिका भित्रका विभिन्न टोलटोल बाट सहभागी हुने गरी टोलस्तरिय झाँकी प्रदर्शन प्रतियोगिताको आयोजना गर्ने । गाउँपालिका अन्तर्गतका ७ वटै वडाहरुमा लोप हुन लागेका जातजातिहरुको संस्कृति परम्परलाई जगेर्ना र संरक्षण गर्ने उद्देश्यका साथ हरेक वडा बाट क्रमशः

वडा नं १ बाट बोटे जाती सहित गरी ५ समूह,
वडा नं २ बाट दलितहरुको सहित गरी ६ समूह,
वडा नं ३ बाट कुमालहरुको सहित गरी ५ समूह,
वडा नं ४ बाट ठकुरीहरुको सहित गरी ४ समूह,
वडा नं ५ बाट गुरुङ र नेवारहरु सहित गरी ६ समूह,
वडा नं ६ बाट मुस्लिमहरु सहित गरी ८ समूह,
वडा नं ७ बाट नेवारहरु सहित गरी ६ समूह, बृहत रुपा गाउँपालिकास्तरिय झाँकी प्रदर्शन प्रतियोगिता संचालन हुनेछ ।

प्रतियोगिताका विजेता तथा उपबिजेताहरुलाई स्थापना दिवस मूल समारोहमा पुरस्कार वितरण गरिने छ। **झाँकी प्रतियोगिता विहान १० बजेदेखी सूरु गरिनेछ तथा प्रत्येक झाँकीलाई बढीमा ५ मिनेट समय उपलब्ध गराइनेछ ।**

(छ) मौलिक कला र संस्कृतिलाई प्रोत्साहन गर्ने उद्देश्यले स्थानीय स्तरमा उत्पादित विभिन्न प्रजातिका फूल तथा दुबोको माला प्रतियोगिता आयोजना गर्ने ।

**(ज) स्थापना दिवस मूल समारोह कार्यक्रम मिति २०७९ फाल्गुण २७ गते शनिवार विहान ११ बजेदेखी सञ्चालन गर्ने ।**

(झ) पुरस्कार तर्फ तोकिएको रकम वितरण गर्दा एक भन्दा वढी सहभागी टिम विजेता घोषित भएमा निर्धारित रकमबाटै दामासाहिले बाँडफाँड गरिनेछ ।

(ञ) पाँच दिनसम्म चल्ने कार्यक्रमलाई भब्य र सभ्य रुपमा सम्पन्न गर्नका लागि तपसिल बमोजिमका विभिन्न समिति तथा उपसमितिहरु रहने:

तपसिलः

१) मूल समितिः-

| | |
|---|---|
| लालसुब्बा गुरुङ्ग | संयोजक |
| कार्यपालिका सदस्य सवै | सदस्य |
| राजेन्द्र सुवेदी | सदस्य |
| असोक परियार | सदस्य-सचिव |

२) भलिवल खेल संचालन समितिः-

| | |
|---|---|
| राम बहादुर गोदार | संयोजक |
| रमेश बहादुर बोटे | सदस्य |
| रामबाबु खनाल | सदस्य |
| रामकृष्ण माल | सदस्य |
| शुस्मिता बिक | सदस्य |
| राजेश शाही | सदस्य |
| शुरेस गुरुङ | सदस्य |
| सुन्दर श्रेष्ठ | सदस्य |
| असोक परियार | सदस्य-सचिव |

३) झाँकी परिचालन तथा यातायात व्यबस्थापन

| | |
|---|---|
| मुकुन्द बहादुर बंशी | संयोजक |
| शान्ता पौडेल | सदस्य |
| श्याम बहादुर माल | सदस्य |
| विजया कुमारी राना | सदस्य |
| मिना कमर | सदस्य |
| सखुर दिन मिया | सदस्य |
| कृष्ण कुमारी घर्ती | सदस्य |
| वृहस्पति अधिकारी | सदस्य-सचिव |

४) मञ्च व्यबस्थापन

| | |
|---|---|
| नारायण गुरुङ | संयोजक |
| हिता रूपाखेती | सदस्य |
| रामकृष्ण बसौला | सदस्य |
| खिमाया परियार | सदस्य |
| राजु पौडेल | सदस्य-सचिव |

५) अतिथि सत्कार तथा स्वागतः-

| | |
|---|---|
| सरिता सुनार | संयोजक |
| बुद्धिमाया गुरुङ | सदस्य |
| अनिता राना | सदस्य |
| रामकृष्ण माल | सदस्य |
| शनिशरा विक | सदस्य |
| साधना पंगेनी | सदस्य-सचिव |

रुपा गाउँपालिका कास्की

६) माला प्रतियोगिता व्यबस्थापन एबंम् परिचालनः-

| | |
|---|---|
| राजन सुवेदी | संयोजक |
| शान्ता पौडेल | सदस्य |
| कुमारी गुरुङ | सदस्य |
| शोभा विक | सदस्य |
| पानमाया परियार | सदस्य |
| कृष्ण शर्मा पौडेल | सदस्य-सचिव |

७) खाजा व्यबस्थापनः-

| | |
|---|---|
| दिपेन्द्र गौतम | संयोजक |
| रामबाबु सुवेदी | सदस्य |
| माया वि क | सदस्य |
| दामोदर भट्टराई | सदस्य |
| राजेन्द्र न्यौपाने | सदस्य |
| सुजन तिवारी | सदस्य-सचिव |

८) स्वयंम् सेवक परिचालनः-

| | |
|---|---|
| राजन खनाल | संयोजक |
| बुद्धी बहादुर गुरुङ | सदस्य |
| फुल कुमार थापा | सदस्य |
| राजेश शाही | सदस्य |
| रामचन्द्र ओझा | सदस्य |
| विजया कुमारी राना | सदस्य |
| संजय दत्त ढकाल | सदस्य-सचिव |

९) ताम्रपत्र व्यवस्थापनः-

| | |
|---|---|
| कृष्णराज सुवेदी | संयोजक |
| कृष्ण कुमारी घर्ती | सदस्य |
| मोहन सापकोटा | सदस्य |
| लेखनाथ अधिकारी | सदस्य-सचिव |

**<u>पुरस्कारका विवरणहरुः</u>**

**<u>(क) भलिबल तर्फः</u>**

१) प्रथम पुरस्कारः— रु. १,२५,०००।— ट्रफि, मेडल र प्रमाणपत्र

२) द्धितिय पुरस्कारः— रु. ८०,०००।— ट्रफि, मेडल र प्रमाणपत्र

३) तृतीय पुरस्कारः— रु. ५०,०००।— ट्रफि, मेडल र प्रमाणपत्र

रुपा गाउँपालिका कास्की

**उत्कृष्ट खेल प्रदर्शन अन्तर्गत**

१) बेस्ट प्लेयरः— रु.३०००।– मेडल र प्रमाणपत्र
२) बेस्ट सर्भरः— रु.२०००।– मेडल र प्रमाणपत्र
३) बेस्ट ब्लकरः— रु.२०००।– मेडल र प्रमाणपत्र
४) बेस्ट सेटरः— रु.२०००।– मेडल र प्रमाणपत्र
५) बेस्ट लिब्रोः— रु.२०००।– मेडल र प्रमाणपत्र
६) बेस्ट स्पाइकरः— रु.२०००।– मेडल र प्रमाणपत्र
७) अनुशाशित टिमः— रू.२०००।– मेडल र प्रमाणपत्र

गाउँपालिका भित्रका ७ वटा भलिवल टिमलाइ एक एक सेट जर्सी)टिसर्ट र हाप पाइन्ट(सहित खाना खाजा बापत एकमुष्ट रू ५१०० अक्षेरूपी एकाउन्न सय मात्र व्यवस्था गाउँपालिकाले व्यवस्था गर्ने ।

**नियमहरुः—**

१) टिम दर्ता मिति २०७९।११।१५ देखि २०७९।११।२२ गते सम्म गरिसक्नु पर्नेछ ।
२) टिम दर्ताको लागी खेलाडीहरुले खेलाडी दर्ता फारममा फोटो टाँस गरि सम्बन्धीत वडा कार्यालयले प्रमाणित गरेको फारम र खेलाडीको नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि सहित प्रतिलिपि बुझाउनु पर्नेछ ।
३) आयोजकले तोकेको समयमा खेलाडीहरु उपस्थित भै सक्नुपर्नेछ । अन्यथा विपक्षी टिमलाई स्वतः विजयी घोषणा गरिनेछ ।
४) भलिवल खेल नक आउटका आधारमा नेपाल भलिबल संघको नियमानुसार खेलाईने छ।
५) खेलमा उजुरी (Protest) दिनुपरेमा रु. ५०००।— शुल्क लाग्नेछ ।
६) खेलाडी संख्या १२, मेनेजर १ जना र टिम कोच १ जना सहित जम्मा १४ जना सम्म हुनेछ ।
७) भलिबल खेलमा कुनै विवाद आएमा भलिबल खेल सञ्चालक समितिको निर्णयअनुसार हुनेछ ।

**(ख) झाँकी तर्फः—**

१) प्रथम पुरस्कारः— रु. ३०,०००।— प्रमाणपत्र
२) दितिय पुरस्कारः— रु. २०,०००।— प्रमाणपत्र
३) तृतिय पुरस्कारः— रू १०,०००।— प्रमाणपत्र
४) सान्त्वना पुरस्कारः रू ५,०००।- प्रमाणपत्र

नियमहरुः—

१) प्रत्येक झाँकी समुहमा कम्तिमा ३५ जना सदस्यहरु हुनुपर्नेछ । सदस्य संख्या पुरा भई समाबेश भएमा सबै समुहलाई रु. ७०००। यातायात बापतको र रु २००० खाना खाजा खर्च एकमुष्ट रुपमा उपलब्ध गराइने छ ।

२) प्रत्येक समुहमा ३५ जना मध्येमा कम्तीमा ५ जना ३० वर्ष भन्दा कम उमेरको हुनुपर्नेछ।

**<u>(ग) माला प्रतियोगिताः—</u>**

१) प्रथम पुरस्कारः— रु.६६६७।— प्रमाणपत्र

२) द्धितिय पुरस्कारः— रु ४,०००।— प्रमाणपत्र

३) तृतिय पुरस्कारः— रु.२,६६७।— प्रमाणपत्र

नियमहरुः—

१) झाँकी प्रदर्शन प्रतियोगितामा भाग लिने आउने समूहहरुबाट एउटा समूहले बढिमा १० वटा माला प्रतियोगितामा समाबेश गर्नुपर्नेछ ।

२) प्रतियोगितामा समाबेश हुने मालामा स्थानीय सामाग्रहरुको प्रयोग गर्नुपर्नेछ जसमा बाह्य बस्तुहरु जस्तै जरि,फुल लगायतका अन्य कुनै पनि बस्तुहरु प्रयोग गर्न पाइने छैन ।

**<u>पारिश्रमिक विवरणहरुः</u>**

**<u>(क) भलिबल खेलतर्फः</u>**

१) रेफ्री दैनिक रु.२५०० र प्रमाणपत्र ।

**<u>(ख) झाँकीतर्फः</u>**

१) निर्णायक सहितको कलाकार टिम दैनिक रु. २५००० र प्रमाणपत्र ।

**<u>(ग) मालातर्फः</u>**

१) निर्णायक सहितको कलाकार टिम दैनिक रु. १०००० प्रमाणपत्र ।

स्वयंसेवकहरुलाइ करबाहेक दैनिक रु ५५० पाँच सय पचास सहित खाजा उपलब्ध गराइनेछ ।

नोटः— पुरस्कार स्वरुप प्रदान गरिने रकममा नियमानुसार करकट्टि (आकस्मिक लाभकर २५%, भाडाकर १०%) गरिनेछ ।

**<u>कार्यपालिका निर्णय नं २०७९।०८०-०९।०४</u>**

प्रस्ताव नं २०७९।०८०-०९।०४ माथी छलफल गर्दा नेपाल सरकार संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय स्थानीय तह समन्वय शाखाको पत्र संख्या २०७९।०८० चलानी नं ३०५ मिति २०७९।१०।२० को पत्रको व्यहोरा कार्यालयबाट जानकारी

रुपा गाउँपालिका कास्की

गराएकोमा गाउँपालिकाबाट चालू आर्थिक बर्षमा हुने अत्याबश्यक बाहेकका चालू प्रकृतिका खर्चहरुमा कम्तिमा विस प्रतिशतले कटौती गर्ने निर्णय गरियो ।

**कार्यपालिका निर्णय नं २०७९।०८०-०९।०५**

प्रस्ताव नं २०७९।०८०-०९।०५ माथी छलफल गर्दा आत्मनिर्भरता लागि कृषि उत्पादन कार्यक्रम कार्यान्वयनको लागी सम्पुर्ण वडा कार्यालयहरुलाइ माग संकलनको लागि निर्देशन दिने निर्णय गरियो ।

**कार्यपालिका निर्णय नं २०७९।०८०-०९।०६**

प्रस्ताव नं २०७९।०८०-०९।०६ माथी छलफल गर्दा आजको बैठक समापन गर्ने ।

मिति २०७९ फाल्गुण ३ गते बसेको १२९ औ गाउँ कार्यपालिका बैठकले उपर उल्लिखत निर्णय गरेको व्यहोरा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४, उपदफा २ खण्ड (क), (ज) बमोजिम प्रमाणित गर्दछु ।

.. ... .... ... ...

(सन्तोष ढुङ्गाना)

प्रमुख प्रशासकीय अधिकृत

रुपा गाउँपालिका कास्की

रुपा गाउँपालिका